सञ्चालन गरिने छ । युवाहरुलाई वैदेशिक रोजगारीमा जान निरुत्साहीत गरि व्यावसायिक फार्महरु सञ्चालन तथा सुदृढिकरण गर्नका लागि सुचना प्रकाशित गरि प्रस्ताव आव्हान गरिने छ । उद्यमीको फार्म संचालन तथा सुदृढिकरण कार्ययोजना बमोजिम अधिक्तम रु.१०००००/- (एक लाख) सम्म अनुदान सहयोग उपलव्ध गराउन सकिने छ । यस कार्यक्रममा न्यूनतम ५ वटा माउ दुदुना पशु पलेका कृषकहरु सहभागी हुन सक्नेछन ।

(ख) व्यवसाय उन्मुख साना किसानहरुलाई निजको गोठ/खोर निर्माण तथा सुधारका लागी स्विकृत कार्यक्रम अनुसार अधिक्तम रु. ५००००/- (पचास हजार) सम्म अनुदान उपलव्ध गराउन सकिने छ । यस कार्यक्रममा सहभागी कृषकहरुले लागत इष्टिमेट अनुसार कम्तिमा २ वटा गाई/भैसी वा ५ वटा माउ बाख्रा वा ५ वटा बंगुर पालन गर्न सकिने किसिमको सुधारीएको गोठ/खोर निर्माण गर्नुपर्ने छ । गोठ/खोर निर्माण तथा सुधार कार्य सम्पन्न भएपछी सम्वन्धित वडा कार्यालय र पशुसेवा शाखाको कार्यक्रम सम्पन्न प्रतिवेदनका आधारमा तपसिल अनुसारका कागजातहरु संलग्न राखी अनुदान उपलव्ध गराउन सकिने छ ।

- लागत अनुमान र मुल्याङ्कन
- गोठ तथा खोर निर्माणका लागि आवश्यक सामग्री (इट्टा, ढुङ्गा, गिट्टी, बालुवा, पाईप, तार, जाली, जस्ता आदी) खरिद गरेको विल तथा भरपाई ।
- गोठ/खोर निर्माण कार्यको डोर हाजीरी फारम ।
- निर्माण भएको गोठ/खोरको फोटो ।

## <u>२.६ पशुजन्य पदार्थको बजारीकरण कार्यक्रम</u>

बर्दघाट नगरपालिकाको मुख्य पशुजन्य उत्पादन दुध/मासु/फुल/माछा रहेको छ । मिल्क होलिडे का कारणले दुध उत्पादनमा लागेका किसान तथा दुध संकलन कार्यमा जुटेका सहकारी संस्थाहरुलाई समेत निकै कठिन भएकोहुदाँ पशुजन्य पदार्थको बजारीकरण कार्यक्रम दुधको विविधिकरण तथा बजारीकरणमा टेवा पुग्ने खालका कार्यक्रमहरु सञ्चालन गरिने छ । यस्ता कार्यक्रमहरु संचालन गर्नका लागी स्वीकृत कार्यक्रम अनुसार नगरपालिकावाट कुल लागत खर्चको सत्तरी प्रतिशत वा अधिकतम रु.२०००००० (बिस लाख) सम्म अनुदान सहायता उपलव्ध गराउन सकिनेछ । पशुपन्छीजन्य उत्पादनको बजारीकरण कार्यक्रम अन्तर्गत निम्न अनुसारका क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।

(क) दुध/मासु/फुल/माछा भण्डारणका लागी आवश्यक पुर्वाधार निर्माण वा सामाग्री खरिद,

(ख) दुध/मासु/फुल/माछाको प्रशोधन तथा विविधिकरण सम्वन्धि काम,

(ग) दुध/मासु/फुल/माछा ढुवानी साधन खरिद व्यवस्थापन,

नोटः अन्य स्वीकृत कार्यक्रमहरु कार्यानवयनका लागी आवश्यकता अनुसारका खोप/औषधी/रसायन आदि खरिद व्यवस्थापन गर्न सकिने छ ।

**अनुसूची- २**

**पशुपन्छी विकास सम्वन्धी विशेष कार्यक्रमहरु सञ्चालन गर्दा उपलव्ध गराउन सकिने पारिश्रमिकः**

| क.स | विवरण | उपलव्ध गराउन सकिने पारिश्रमिक |
|---|---|---|
| १ | किसानहरुको घर गोठमा पुगि पशुहरुमा खोप लगाए वापत | ठुलो जनावरः गाई, भैसी, बङ्गुर, प्रति पशु १५/- (पन्ध्र रुपैया) र सानो जनावरः भेडा, बाख्रा प्रति पशु ७/- (सात रुपैया) |
| २ | पशु थुनेलो/बाँझोपना नियन्त्रणका लागि बिज्ञ सेवा | रोग निदान/उपचार वापत प्रति पशु ३००/-(तिन सय रुपैया) |
| ३ | कुकुर नियन्त्रण तथा स्थाई बन्ध्याकरण | प्रति कुकुर अधिकतम २०००/- (दुई हाजार रुपैया) |
| ४ | स्थलगत प्राविधिक सेवा तथा अनुगमन | प्रति दिन १०००/- (एकहजार रुपैया) |

**अनुसूची- ३**

**व्यवसायिक पशुपन्छी फार्म दर्ता/अभिलेखिकरण सम्वन्धि स्थानिय मापदण्ड**

| क.स | फार्म सम्वन्धी विवरण | हुनुपर्ने पशुपन्छी संख्या | कैफियत |
|---|---|---|---|
| १ | व्यावसायिक गाई पालन फार्म | कम्तीमा ५ वटा माउ गाई | |
| २ | व्यावसायिक भैसी पालन फार्म | कम्तीमा ५ वटा माउ भैसी | |
| ३ | व्यावसायिक बाख्रा पालन फार्म | कम्तीमा १० वटा माउ बाख्रा | |
| ४ | व्यावसायिक बंगुर पालन फार्म | कम्तीमा ५ वटा माउ बङ्गुर | |
| ५ | व्यावसायिक कुखुरा पालन फार्म | २०० वटा चल्ला भन्दा माथि | |

